शान्ति तथा पुनर्निर्माण मन्त्रालय र अन्तर्गतबाट आ .ब. २०७०।०७१ मा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको प्रथम चौमासिक प्रगति प्रस्तुती र समीक्षा गरियो । आर्थिक वर्ष २०७०।७१ को प्रथम चौमासिकमा भएको प्रगति सम्बन्धित सहसचिव तथा कार्यक्रम/आयोजना प्रमुखहरुले प्रस्तुत गर्नु भयो । जस अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको बजेट उपशिर्षक तर्फको भौतिक प्रगति २४.३७ प्रतिशत, वित्तीय प्रगति ११६.९९ प्रतिशत, पुनर्निर्माण तथा पुनस्थापन कार्यक्रम अन्तर्गत राहत तथा पुनस्थापन इकाई तर्फको भौतिक प्रगति ५८.९५ प्रतिशत, वित्तीय प्रगति १९२.२३ प्रतिशत, पुनर्निर्माण तर्फको भौतिक प्रगति ४३.६० प्रतिशत र वित्तीय प्रगति ३६.४१ प्रतिशत, शान्ति प्रक्रिया सहयोग आयोजना तर्फको वित्तीय प्रगति ६८.७७ प्रतिशत, भौतिक प्रगति ३६.७५,स्थानीय शान्ति समिति तर्फको भौतिक प्रगति १२.०२ प्रतिशत र वित्तीय प्रगति २४.०७ प्रतिशत, र शान्तिका लागि विकास कार्यक्रम तर्फको भौतिक प्रगति १२.९ प्रतिशत र वित्तीय प्रगति ५.८३ प्रतिशत रहेको पाइयो । मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को यस बैठकबाट निम्न निर्णयहरु गरियो ।

**निर्णय नं. १**

मृतक र वेपत्ता पारिएका व्यक्तिका हकदारहरुलाई रु ३ लाख सम्म उपलब्ध गराइएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९/११/४ को निर्णयानुसार थप रु २ लाख उपलब्ध गराई रु ५ लाख सम्म पुऱ्याउन आवश्यक पर्ने रु २ अरव ७३ करोड ३७ लाख चालु आ.व.मा निकासा दिनका लागि अर्थ मन्त्रालयमा अनुरोध गरिएकोमा हालसम्म उक्त रकम प्राप्त हुननसकेकोले पुन अनुरोध गर्ने र यो विषय राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा समेत पेश गर्ने ।

**निर्णय नं. २**

द्वन्द प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत सकंलन कार्यदलको म्याद २०७० साल अषाढ मसान्त सम्म रहेकोमा उक्त कार्यदलको म्याद थप हुन नसकेकोले कार्यदलले सम्पादन गर्दै आएका कार्यहरु अगाडी बढ्न सकिरहेको छैन । कार्यदलको कार्यादेश अनुसारका काम गर्न केही समयका लागि पुन त्यस्तै प्रकृतिको कार्यदल गठन गर्ने वा अन्य कुनै संयन्त्र निर्माण गरि कार्यदलले गर्दै आएको कार्य सम्पन्न गर्ने भन्ने विषयमा तत्काल निर्णय हुन आवश्यक भएकोले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गरि उपयुक्त निकास निकाल्ने ।

**निर्णय नं. ३**

पुनर्निमाणको लागि बजेट न्यून भएकोले सम्बन्धित निकायमा थपका लागि अनुरोध गर्ने ।

**निर्णय नं. ४**

सचांलित कार्यक्रम तथा आयोजनाहरको प्रगति न्युन देखिएकोले आगामी दिनमा कार्यक्रम,आयोजनाहरुको कार्यन्वयनमा शीघ्रता ल्याउने ।

**निर्णय नं. ५**

बेरुजु फछ्र्यौट प्रगति प्रतिशत न्युन रहेकोमा आगामी दिनमा बेरुजु सम्परिक्षण तर्फ तदारुकताका साथ ध्यान दिई फर्छ्यौटको प्रतिशतलाई बढाउने ।

**निर्णय नं ६**

मन्त्रालय मातहतका निकायहरुमा पठाउन बाँकी अख्तियारी र कार्यक्रम ७ दिन भित्र पठाउने ।

२०७० साल पौष १४ गते आइतबार